# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.:
च.नं.: मिति २०७६।०४।१७

सूचना । सूचना ।। सूचना ।।।

सामाजिक, साँस्कृतिक एवं धार्मिक महत्व बोकेको नेपाली नारीहरुको महान चाड हरितालिका तीज पर्व नजिक आईसकेको छ । भाद्र शुक्ल द्वतिया देखि पन्चमी सम्म भगवान शिवको आराधनाका साथै नाचगान र मनोरन्जन गरेर मनाईने यस पर्व पछिल्ला वर्षहरुमा भड्किलो बन्दै गईरहेको छ । दर खाने र जमघट हुने नाममा तीज आउनु महिनौं दिन अघि देखि पाटी प्यालेस र तारे होटलहरुमा गरगहना र कपडा सहित भड्किलो प्रदर्शन गरी मौलिक संस्कृति तथा परम्परामा हस्तक्षेप हुने गरी कहिकतै नगर्नु नगराउनुहुन सम्वन्धित सवै सरोकारवालाहरुमा जानकारी गराउनका लागि नेपाल सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, गण्डकी प्रदेशको च.नं ३७, मिति २०७६।०४।१६ को परिपत्र बमोजिम यो सूचना प्रकाशित गरिएको छ । साथै यस हरितालिका तीज पर्वलाई मर्यादित बनाउन र सो सम्वन्धि सचेतना अभिवृद्धी गर्न सवै पक्षबाट सहयोगको अपेक्षा गरिएको छ । उपरोक्त बमोजिम कहिकतै पालना नभएको पाईएमा कानुन बमोजिम कारवाही हुने समेत जानकारी गराईन्छ ।

..............................
नि· प्रमुख प्रशासकीय अधिकृत